प्रतिलिपि प्रमाणित

आज मिति २०८२ साल पुस ९ गते बुधबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो.।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री भरत गौतम | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

निर्णयहरुः

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा ।

निर्णयः मिति २०८२/०८/२१ गतेको ७६ औं नगर कार्यपालिका वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्तावः आय व्यय सम्बन्धमा ।

निर्णयः आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२।०९।०८ गतेसम्म कुल अनुमान गरिएको आय तर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी ३४.५० प्रतिशत अर्थात रु.१,००,०८,३८,९४४।५८ आम्दानी गरिएको र कुल अनुमान गरिएको व्यय तर्फ १८.९४ प्रतिशत अर्थात रु.५४,९४,११,६५२।२४ खर्च भएको आय व्ययको विवरण जानकारी भयो ।

३) प्रस्तावः बजेट, योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णयः आर्थिक वर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रमको प्रगति समिक्षा र संशोधित बजेट अनुमानको हालसम्म भएको प्रगतिको बारेमा जानकारी भयो ।

४) प्रस्तावः कार्ययोजना सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको राजस्वको लक्ष्य प्राप्त गर्न आर्थिक वर्ष २०८२/०८३ मा नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री व्यवस्थापनबाट राजस्व बृद्धि गर्न राजश्व व्यवस्थापन शाखाबाट पेश भएको वार्षिक कार्ययोजना ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार बमोजिम स्वीकृत गर्ने ।

५) प्रस्तावः जग्गा सिफारिस सम्बन्धमा ।

निर्णयः बुद्धमुर्ति निर्माण समन्वय समिति, हेटौंडा, मकवानपुरको मिति २०८२।०८।०२ को प्राप्त पत्रानुसार हेटौंडा उपमहानगरपालिका वडा नं.१८ हर्नामाडी गुम्बाडाँडाको पूर्व, पश्चिम र उत्तरतर्फ कच्ची बाटो तथा दक्षिण तर्फ पानी ट्याङ्की भएको १ विगाह जग्गामा विगत २०७४ सालदेखि भोगचलन गर्दै आएको र विभिन्न संरचना निर्माण साथै सम्बर्धन गर्दै आइरहेकोमा उक्त स्थानको जग्गाको लिजका लागि जग्गा माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ६ बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. १८ गुम्बाडाँडा स्थित उक्त १ विगाह जग्गा रहेको स्थानको जग्गाको लिजको प्रक्रिया अगाडि बढाउन सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा बुद्धमुर्ति निर्माण समन्वय समितिलाई लिजमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

६) प्रस्तावः सम्झौता नवीकरण सम्बन्धमा ।

निर्णय(क): हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा रहेको चिल्ड्रेन पार्कको सञ्चालनको लागि सार्वजनिक निजी अवधारणा अनुरुप ब्रह्माकुमारी राजयोग सेवा केन्द्र मार्फत कार्यालयबाट व्यवस्थापन करार अन्तर्गत ५ वर्षको लागि सम्झौता गरी सञ्चालन गरिंदै आएकोमा उक्त समय २०८२ आषाढ मसान्तबाट समाप्त भएको हुँदा ५ वर्ष समयावधि थपको लागि उक्त संस्थाद्वारा माग भई आएकोमा सामाजिक विकास महाशाखाबाट पेश भएको टिप्पणी बमोजिम सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवस्थापन करारबाट उक्त पार्क सञ्चालन गर्ने गरी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र हेटौंडालाई थप ५ वर्ष सम्झौता नवीकरण गरी सञ्चालन गर्न दिने ।

प्रतिलिपि प्रमाणित

निर्णय(ख): हेटौंडा उपमहानगरपालिका वडा नं. ५ मा रहेको पुष्पलाल स्मृति पुस्तकालय सञ्चालनको लागि सार्वजनिक निजी अवधारणा अनुरुप साहित्य सङ्गम मकवानपुर, हेटौंडा मार्फत कार्यालयबाट व्यवस्थापन करार अन्तर्गत ५ वर्षको लागि सम्झौता गरी सञ्चालन गरिँदै आएकोमा उक्त समय २०८२ आषाढ मसान्तबाट समाप्त भएको हुँदा ५ वर्ष समयावधि थपको लागि उक्त संस्थाद्वारा माग भई आएकोमा सामाजिक विकास महाशाखाबाट पेश भएको टिप्पणी बमोजिम सार्वजनिक निजी साझेदारी अन्तर्गत व्यवस्थापन करारबाट उक्त पुष्तकालय सञ्चालन गर्ने गरी साहित्य सङ्गम मकवानपुर, हेटौंडालाई थप ५ वर्ष सम्झौता नवीकरण गरी सञ्चालन गर्न दिने ।

७) प्रस्तावः अनुमोदन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका, चाँगुनारायण फाउण्डेशन र उद्योग बिचको साझेदारीमा सीप प्राप्त गरेर आर्थिक रुपमा आत्मनिर्भर हुन चाहने तर अवसर नपाएका नेपाली नागरिकलाई लक्षित गर्दै गुणस्तरीय, अनुकूलित र व्यावसायिक तालिम प्रदान गर्ने लक्ष्य सहित On The Job Training मोडल अन्तर्गत प्रत्येक प्रशिक्षार्थीले तालिम अवधिभर रु.१९,५५०।०० प्राप्त गर्ने जसमा चाँगुनारायण फाउण्डेशनले ५० प्रतिशत, उद्योगले ५० प्रतिशत पालिकाले अनुगमन र अन्य व्यवस्थापन खर्च व्यहोर्ने गरी साझेदारी प्रकृया अगाडि बढाउने सम्बन्धमा मिति २०८२।०९।०१ को निर्णय अनुमोदन गर्ने ।

८) प्रस्तावः स्रोत सुनिश्चितता सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका र UNOPS बिच मिति ४ नोभेम्बर, २०२५ मा Cities 4 Woman (C4W) Inclusive and climate Urbanization Project सञ्चालन गर्न सम्झौता भए बमोजिम बहुवर्षिय योजना अन्तर्गत उपमहानगरपालिकाबाट व्यहोर्न पर्ने ३० प्रतिशत लागतमा चालु आ.व.मा रु.४० लाख विनियोजन भएको र बाँकी हुने रकम आगामी आर्थिक वर्षहरुमा क्रमशः स्रोत सुनिश्चितता सहित बजेट विनियोजन गर्ने र हाललाई खरिद प्रकृया अगाडि बढाउने ।

९) प्रस्तावः म्याद थप सम्बन्धमा ।

निर्णयः हेटौडा उपमहानगरपालिका कार्यालय अन्तर्गत वडा कार्यालयहरु मार्फत संचालित तपसिल वमोजिमको योजनाहरुको म्याद २०८२।०९।३० गते सम्म थप गर्नेः

१. कान्तिलोक पथ देखि पिपल वोट सम्म स्लाव ढलान हेटौडा,०५
२. वडा नं.५ राजकुलो व्यवस्थापन, हेटौडा,०५
३. सानो पोखरा कल्भर्ट पुल उत्तर वस्ति संरक्षणको लागि masonary wall निर्माण, हेटौडा,०५
४. कान्तिलोक पथ देखि हेटौडा रेगल रिसोर्ट जाने बाटो स्तरन्नोति हेटौडा,०५
५. सामुदायिक भवन वडा कार्यालय सामुदायिक भवन निर्माण हेटौडा,०५
६. विविध पुर्वाधार ५ नं. वडा कार्यालय सामुदायिक भवन निर्माण हेटौडा,०५
७. दक्षिणकाली मन्दिर देखि पदमपोखरी चोक नाला निर्माण हेटौडा,१३
८. भ्यु टावर निर्माण क्रमागत हेटौडा,१३
९. वडा कार्यालय भवन तल्ला थप डि.पि.आर सम्वन्धि खर्च, हेटौडा,१३

प्रमाणीकरण गरियो ।
दस्तखत:

प्रतिलिपि प्रमाणित

१०) प्रस्तावः आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने र उपलब्ध गराइएको सहयोग रकम अनुमोदन गर्ने:

देहाय

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | बलराम नेपाली, छोरा राम नेपालीको उपचार सहयोग | हेटौंडा-३ | ४०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| २ | राजु थिङ, छोरी शर्मिला थिङको उपचार सहयोग | हेटौंडा-१९ | ३०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ३ | माईली माया थिङ, उपचार सहयोग | हेटौंडा-१५ | २०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ४ | हेमन्त नेगी, उपचार सहयोग | हेटौंडा-१५ | ५०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ५ | निर कुमार मगर, उपचार सहयोग | हेटौंडा-१५ | २०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ६ | पदम प्रसाद न्यौपाने, उपचार सहयोग | हेटौंडा-१६ | २५,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ७ | मन्जु लामा, ज्वाई विकास लामा (तामाङ) को उपचार सहयोग | हेटौंडा-१३ | २०,०००।०० | अन्य सामाजिक सहायता (आर्थिक विपन्न उपचार सहायता) खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११६ |
| ८ | प्रताप राई, विपन्न आर्थिक सहयोग | हेटौंडा-१७ | १०,०००।०० | आर्थिक सहायता दिनदुखी सहयोग खर्च शीर्षक २७२१९ पेज नं. ७३ सि.नं. ११५ |
| ९ | श्रितु रिमाल, अध्ययन सहयोग | हेटौंडा-७ | १,००,०००।०० | शैक्षिक सुधार कार्यक्रम मेयरसँग खर्च शीर्षक २२५२२ पेज नं.१६६ सि.नं.११३३ |
| १० | प्रकृति गिरी, अध्ययन सहयोग | हेटौंडा-११ | २५,०००।०० | शैक्षिक सुधार कार्यक्रम मेयरसँग खर्च शीर्षक २२५२२ पेज नं.१६६ सि.नं.११३३ |
| ११ | मकवानपुर क्योकुशिन करांते संघ, I.K.O. Union उपशाखा, गुवाहटी असाममा मिति २०८२।०९।२६ र २७ गते हुने कार्यक्रममा भाग लिन जान सहयोग | हेटौंडा-१३ | ४०,०००।०० | विभिन्न खेल प्रतियोगिता आयोजना सहभागिता सहकार्य (राष्ट्रिय तथा अन्तराष्ट्रिय) खर्च शीर्षक २२५२२ पेज नं. १६५ सि.नं. ११२५ |
| १२ | १४ नं. वडा कार्यालय, सोनाम ल्होसारको अवसरमा वृहत धार्मिक तथा सांस्कृतिक मेलाको संचालन सहयोग | हेटौंडा-१४ | १०,००,०००।०० | वडा नं. १४ को वडा स्तरीय बजेटबाट खर्च हुने गरि सञ्चालन गर्न अनुमति दिने |

प्रमाणीकरण गरियो ।

दस्तखत:

नाम: